आज मिति २०७७/०३/०८ गते बुद्धभूमी नगरपालिका नगर कार्यपालिकाको बैठक बुद्धभूमी नगरपालिकाका नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारी सदस्यज्यूहरु र कर्मचारीहरुको उपस्थिति देहाय बमोजिम रहेयो ।

## उपस्थिति

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | प्रमुख | बुद्धभूमी न.पा. १ | |
| २ | श्री मिरा थारु | उपप्रमुख | बुद्धभूमी न.पा. २ | |
| ३ | श्री तेजबहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १ | |
| ४ | श्री भेषराज शर्मा | वडा अध्यक्ष | बुद्धभूमी न.पा. २ | |
| ५ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ३ | |
| ६ | श्री पवन कुमार थारु | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ४ | |
| ७ | श्री वेचन प्रसाद यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ५ | |
| ८ | श्री नन्दलाल यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ६ | |
| ९ | श्री राजेश्वर सिंह | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ७ | |
| १० | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ८ | |
| ११ | श्री खुमानन्द न्यौपाने | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ९ | |
| १२ | श्री त्रिलोकी खरविन्द | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १० | |
| १३ | श्री कमला चौधरी | महिला सदस्य | बुद्धभूमी न.पा. १ | |
| १४ | श्री खिमकला पाण्डे | महिला सदस्य | बुद्धभूमी न.पा. ४ | |
| १५ | श्री प्रभावती लोहार | महिला सदस्य | बुद्धभूमी न.पा. ७ | |
| १६ | श्री विमला देवी कुर्मी | महिला सदस्य | बुद्धभूमी न.पा. ८ | |
| १७ | श्री सरस्वती कुवंर | महिला सदस्य | बुद्धभूमी न.पा. ५ | |
| १८ | श्री फागु प्रसाद धोवी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ५ | |
| १९ | श्री राम मनोरथ लोहार | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ६ | |
| २० | श्री रामदेव पासी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. २ | |
| २१ | श्री अनिल पौडेल | प्रमुख प्र. अधिकृत | बुद्धभूमि न.पा. | |

## मिति: २०७७।०३।०८ गतेको बुद्धभूमी नगरकार्यपालिका बैठकको निर्णयहरु :

**प्रस्ताव नं. १ : आ.व. २०७७।०७८ को नीति कार्यक्रम तथा बजेट सम्बन्धमा।**

निर्णय : यस बुद्धभूमि नगरपालिकाको आगामी आर्थिक वर्षको नीति कार्यक्रम तथा बजेट सम्बन्धमा प्रस्तुत गरिएको खाकामा थप केही सुझावहरू प्राप्त भएकोले उक्त सुझावहरूलाई समावेश गरि आगामी मिति २०७७।०३।१० गते बस्ने सातौं नगरसभामा पेश गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. २ : विनियोजन ऐन २०७७ सम्बन्धमा।**

निर्णय : बुद्धभूमि नगरपालिकाको आर्थिक बर्ष २०७७/०७८ को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्ने वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम बुद्धभुमि नगरपालिकाको सातौं नगरसभाबाट यो विनियोजन ऐन २०७७ पारित को लागि पेश गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ३ : आर्थिक ऐन २०७७ सम्बन्धमा।**

निर्णय : बुद्धभूमि नगरपालिकाको आ.व. २०७७/०७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर, शुल्क, दस्तुर र जरिवाना संकलन गर्न, छुट दिन तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २३० बमोजिम बुद्धभूमि नगरपालिकाको सातौं नगरसभाबाट यो आर्थिक ऐन २०७७ पारित को लागि पेश गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ४ : बुद्धभूमि नगर दररेट २०७७ सम्बन्धमा।**

निर्णय : बुद्धभूमि नगरपालिकाको आर्थिक बर्ष २०७७/०७८ को नगर दररेट जिल्ला दररेटमा सम्बोधनहुने विषयका हकमा सोही बमोजिम अन्य विषयका हकमा नगरपालिकाको नगर दररेट समिति मार्फत बजार विश्लेषण गरी पेश भए अनुरूप हुने गरी नगर दररेट २०७७ पारिमार्जन सहित नगरपालिका भरी निर्माण, खरिद तथा परामर्श जन्य कार्यमा लागु हुने गरी सातौं नगरसभाबाट यो नगर दररेट २०७७ पारितको लागि पेश गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ५ : समपुरक र विशेष अनुदानका आयोजना माग सम्बन्धमा।**

निर्णय : प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं. ५ बुटवलको चलानी नं. ११७२/०७६/७७ मिति २०७७।०१।१० को प्राप्त पत्र बमोजिम आगामी आ.व. २०७७।७८ मा कार्यान्वयन हुने गरी समपुरक र विशेष अनुदानका आयोजना तथा कार्यक्रममा नगरपालिकाबाट बजेटको सुनिश्चितता गरिएको हुँदा तपसिल बमोजिम माग गरी पठाउनका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो।

**समपुरक अनुदानका आयोजना**

| क्र.स. | योजनाको विवरण | न.पा. बाट | प्रदेशबाट |
|---|---|---|---|
| १ | भेलाई - पुरैना- गोरूसिगें - बकडरिया सडक निर्माण कालो पत्रे | १ करोड | १ करोड |
| २ | हरदासडी गाउँको उत्तरदेखि - बदलपुरा - महुवा- सेमरहना - राजपुर - मुगुरगाढ - सितापुर चोकको खण्ड:<br>(क) हरदासाडी गाउँको उत्तरदेखि - बदलपुरा- महुवा- सेमरहना खण्ड (५०/ ५० लाख)<br>(ख) राजपुर - मुगुरगाढ - सितापुर चोक खण्ड (२५ / २५ लाख) | ७५ लाख | ७५ लाख |
| ३ | परशुरामपुर - धनकौली - हरिहरपुर - खैरहनिया सडक निर्माण | ५० लाख | ५० लाख |

**विशेष अनुदानका आयोजना**

| | | | |
|---|---|---|---|
| १ | गरिब, विपन्न, अल्पसंख्यक तथा पिछाडिएका जनताहरूको उत्थानका लागि सुरक्षित आवास कार्यक्रम (जस्ता पाता खरिद तथा वितरण) | | ७० लाख |

**प्रस्ताव नं. ६ : नगरपालिकाको आम्दानी तथा खर्च सम्बन्धमा।**

**निर्णयः** स्थानीय सरकार सञ्चालन ऐनले तोके बमोजिम अघिल्ला आ.ब. को यथार्थ विवरण, चालु आ.ब. को संशोधित अनुमान र आगामी आ.व. का लागि नीति, कार्यक्रम तथा क्षेत्रगत बजेट विनियोजनको खाका समेत नगरसभामा टेबल गर्ने।

**प्रस्ताव नं. ७ : विविध।**

१. नगरस्तरीय कार्यक्रमबाट सौर्य सडक बत्ति जडानको लागि पहिलो प्राथमिकता वडा कार्यालयमा जडान गर्ने र बाँकीको हकमा नगर प्रमुखज्यू र वडा अध्यक्षको समन्वयमा आवश्यकता र औचित्यको आधारमा जडान कार्य सम्पन्न गर्ने निर्णय गरियो।

२. नगरपालिका संघको सदस्यता शुल्क हालसम्म बुझाउनु पर्ने बाँकी रकम संघको खातामा पठाई दिने निर्णय गरियो।

2080103108